# पाठ बुलेटिन

नेपाल जनप्रशासन संघको सूचनामूलक प्रकाशन

बर्ष २१ | बैशाख-श्रावण २०८० (अगस्त २०२३) | अंक ३१


## अध्यक्षको सन्देश



राष्ट्रिय विकासको प्रक्रियाको अभिन्न अंगको रुपमा रहेर प्रशासन र व्यवस्थापनका विविध क्षेत्रमा कार्यरत प्राज्ञिक, प्रशासक र व्यवस्थापकबीचको पारस्परिक पेशागत सम्बन्धलाई मार्यादित र सुदृढ गर्दै सार्वजनिक क्षेत्रको नीति निर्माण तथा मुल्याङ्कनमा व्यावसायिक पृष्ठपोषण गर्ने उद्देश्यले वि.सं. २०४७ भदौ १३ गते नेपाल जनप्रशासन संघको स्थापना भएको हो । यस संघद्वारा राष्ट्र र समाजप्रतिको गहनतम दायित्वलाई हृदयगमन गरी संगठित भई प्रशासनको विविध कार्यमा सरकारी निकाय, सार्वजनिक संस्थान तथा अन्य इच्छुक संघ-संस्थालाई सार्वजनिक सेवा प्रवाह, व्यवस्थापन, केन्द्रस्तरदेखि स्थानीय निकायका साथै जनप्रशासनको क्षेत्रमा खुला र स्वतन्त्र वैचारिक विनिमय र छलफलका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय विचार गोष्ठी भेला सम्मेलन आदिको आयोजना गर्ने गरिएको छ ।

साथै, संघले राष्ट्रिय विकासको विविध पक्षहरुसंग सम्वन्धित नीतिहरुको निर्धारणमा व्यावसायिक पेशागत पृष्ठपोषण गर्दै आएको छ । नेपाल जनप्रशासनसंग सम्बधित विभिन्न समसामयिक बिषयहरुमा प्राज्ञिक तथा व्यावहारिक विचार र जनप्रशासन विषयक विषयमा अध्ययन र अनुसन्धान गरी जनप्रशासन सम्बन्धी शोधपत्र, पुस्तक प्रकाशन गरिदै आएको छ । जनप्रशासन संघले विभिन्न तह र तप्काका जिम्मेवारी प्राप्त जनप्रतिधिहरुले सम्पादन गर्नुपर्ने कार्यगत भूमिका प्रशासकको भूमिका, संघीय शासन प्रणालीका सरकारका तीन तहले गर्ने शासन, सुरक्षा, सेवा सहज सरल र प्रभावकारीरुपमा सेवा प्राप्त गर्ने अधिकारको हक नागरिकमा हुन्छ । राज्यको शासन प्रणालीको महत्वपूर्ण पक्ष भनेको Rule of Law अनुसार निर्देशित हुनुपर्छ भन्ने लगायतका मान्यतालाई संघले निरन्तर अघि बढाएको छ ।

राज्यका नीति तथा कार्यक्रममा छलफल गरी राज्यको व्यवस्थापनलाई मजबुद बनाउन सरकारका तीन तहमा रहेका शासन प्रणालीले कसरी कार्य गर्दा देशको दिगो विकास, सुशासन, समृद्धि नागरिकको हितका लागि संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध स्थापित गर्दै दिगो विकासका लागि संघदेखि स्थानीय तहसम्मका जनतामा कानुनी राज्यको आभास गराउँदै राज्यका जनप्रतिनिधि, सरकारी निकायले जनतामा कुशल राज्यको अनुभुति हुनेगरी कार्य गर्नुपर्छ । यस्का लागि राज्यका तहहरुबीचमा कार्यात्मक समन्वय, सहयोग, सहकार्य हुनुपर्छ भन्ने जस्ता मान्यतामा संघ अडिग छ ।

प्रस्तुत सन्दर्भमा, नेपाल जनप्रशासन संघले समय सान्दर्भिक रहेर विभिन्न कार्यक्रम गर्दै आएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ सस्थासंग सहकार्यका खातीर सम्पर्क समन्वय गरी ज्ञानको आदान प्रदान गर्ने गरेको छ । उसै क्रममा International Public Policy Association (IPPA) संग सम्बन्ध स्थापित गर्न Memorandum of Understnding (MOU) समेत गरेको छ ।

संघले सरकारलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग समन्वय, अध्ययन अनुसन्धान नीति निर्माणमा, तालिम सेमिनार, गोष्ठीमा विशेष सेवा प्रदान गर्न सदैव तत्पर र प्रतिबद्ध रहेको छ ।

## हेम बहादुर मल्ल सम्मान पुरस्कार, २०७७ र २०७८ वितरण

नेपाल जन-प्रशासन संघले साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडको सौजन्यमा सो संस्थाका पूर्व अध्यक्ष एवम् कुशल प्रशासक व्यवस्थापक स्व.हेम बहादुर मल्लको स्मृति र सम्मानमा २०५९ सालमा हेम बहादुर मल्ल सम्मान स्थापना गरेको छ । यसरी स्थापित हेम बहादुर मल्ल सम्मानद्वारा बर्ष २०७७ र २०७८ का लागि क्रमश: **गोरक्ष बहादुर न्हुच्छे प्रधान र भानु प्रसाद आचार्य**लाई सम्मानीत गरियो । यो सम्मान वि.सं.२०८० साउन ३ गतेका दिन सम्मानीय उपराष्ट्रपति रामसराय प्रसाद यादवज्यूको प्रमुख आतिथ्यतामा विशेष समारोहको आयोजना गरी सम्मान प्रदान गरिएको थियो ।

गोरक्ष बहादुर न्हुच्छे प्रधानज्यू नेपालको सार्वजनिक सेवाको एउटा जिउँदो इतिहास हुनुहुन्छ, भन्दा अत्युक्ति ठहर्ने छैन । ज्ञान, विज्ञता, अनुभव र उमेर सबै दृष्टिकोणबाट यहाँले राष्ट्रिय जीवनका विभिन्न जिम्मेवारीमा रहँदा प्रदर्शन गर्नुभएको विश्वस्तरीय विज्ञता, संस्थागत नेतृत्व क्षमता र स्वच्छ सार्वजनिक छविको उच्च मुल्याङ्कन गर्दै सार्वजनिक सेवाको श्रीवृद्धिमा उहाँले पुऱ्याउनु भएको योगदानका खातिर यो सम्मान प्रदान गर्न पाएकोमा नेपाल जन-प्रशासन संघ हार्दिक प्रसन्नता व्यक्त गर्दछ । साथै, संघ उहाँको स्वास्थ्य, सक्रिय एवम सुखमय भावी जीवनको कामना गर्दछ ।

भानु प्रसाद आचार्यज्यू निजामती सेवाभित्र बसेर पदीय जिम्मेवारीको स्थिरता एवम् अध्ययन र अनुभवजन्य विशेषज्ञता उहाँको सार्वजनिक सेवाको एउटा अनुपम दृष्टान्त बन्न गयो । राष्ट्रिय जीवनका विभिन्न जिम्मेवारीमा रहदाँ उहाँले प्रदर्शन गर्नुभएको नेतृत्व कुशलता, सुझबुझ र सदाचारको उच्च कदर गर्दै सार्वजनिक सेवाको श्रीवृद्धिमा उहाँले पुऱ्याउनु भएको योगदानको खातिर यो सम्मान प्रदान गर्न पाएकोमा नेपाल जन-प्रशासन संघ हार्दिक


प्रकाशक:

**नेपाल जन-प्रशासन संघ**

Public Administration Association of Nepal (PAAN)

हरिहर भवन, ललितपुर, नेपाल

प्रसन्नता व्यक्त गर्दछ । साथै, संघ उहाँको स्वास्थ्य, सक्रिय एवम सुखमय भावी जीवनको कामना गर्दछ ।

यसरी राष्ट्रिय हितलाई सर्वपरि राखी सार्वजनिक प्रशासन, व्यवस्थापन वा सार्वजनिक सरोकारका क्षेत्रमा उदारणीय संस्थागत नेतृत्व प्रदान गरी उत्कृष्ट योगदान गर्ने व्यक्ति वा संस्थालाई प्रतिवर्ष रु दुई लाख नगद राशीका साथ पुरस्कृत गर्ने गरी स्थापित यो सम्मानका लागि चयन राष्ट्रिय जीवनका प्रतिष्ठित व्यक्तित्व र पदाधिकारीहरु सम्मिलित गर्न उच्च स्तरीय छनौट समिति गठन गर्ने गरिन्छ । २०७७ र २०७८ सालको सम्मान प्रदान गर्न नेपाल राष्ट्र बैंकका गभर्नर एवं नेपाल सरकारका पूर्व सचिव दिपेन्द्र पुरुष ढकालको अध्यक्षतामा उच्चस्तरीय समिति गठन गरिएको थियो ।

वि.सं.२०८० साउन ३ गतेका दिन होटल रयाडिशनमा विभिन्न लब्ध प्रतिष्ठित व्यक्तित्वहरुको उपस्थितिमा भव्य समारोह सहित प्रधान र आचार्यलाई सम्मान गर्नुका साथै रात्री भोज समेत गरी कार्यक्रम सम्पन्न भएको थियो ।

## कार्यक्रमका केही झलकहरू



















## PAAN TALK कार्यक्रम

- नेपाल जनप्रशासन संघले प्रत्येक १५/१५ दिनको अन्तरालमा समसामयिक विषयवस्तु, जनप्रशासन, सार्वजनिक सेवा, प्रभावकारिता सार्वजनिक प्रशासन र व्यवस्थापन सम्बन्धी छलफलको आयोजना गरेको छ ।
- मिति २०८० जेष्ठ १७ गतेका दिन आ.ब.२०८०/८१ को बजेट तथा यसको कार्यान्वयन पक्ष विषयमा नेपाल सरकारका पूर्व सचिव श्री शंकर अधिकारीको प्रस्तुती रहेको थियो ।
- मिति २०८० जेष्ठ ३१ गते नेपालको सन्दर्भमा वित्त नीति र मौद्रिक नितिको अन्तरसम्बन्ध विषयमा नेपाल राष्ट्र बैंकका पूर्व गर्भनर श्री दिपेन्द्र बहादुर क्षेत्रीले वक्ताको रुपमा आफ्नो प्रस्तुती राख्नु भएको थियो ।
- मिति २०८० श्रावण ३१ गतेका दिन डा. रेवती बहादुर कार्कीले Prospects Challenges and way Forward of Capital Market विषयमा आफ्नो प्रस्तुती प्रस्तुत गर्नु भएको थियो ।

## नेपाल जन-प्रशासन संघको आजीवन सदस्यता प्रदान

नेपाल जन प्रशासन संघको आजीवन सदस्यता प्राप्त गर्नुहुने तपसिलमा उल्लेखित सबै सदस्यलाई हार्दिक बधाई ।

| | |
|---|---|
| १ कमल बहादुर जि.टि. | २. बाबुराम भुल |
| ३. तारा प्रसाद खरेल | ४. डा. सुस्मिता आचार्य |

## हेम बहादुर मल्ल सम्मान पुरस्कार २०७९ छनौट समितिको गठन

नेपाल जनप्रशासन संघले साल्ट ट्रेडिङ्गको सहयोगमा स्थापना गरी वितरण गर्दे आएको हेमबहादुर मल्ल सम्मान पुरस्कार २०७९ वितरणको लागि देहाय बमोजमको **हेमबहादुर मल्ल सम्मान पुरस्कार २०७९ छनौट समिति गठन** भएको ।

| | |
|---|---|
| क. श्री शंकर प्रसाद कोइराला | - संयोजक |
| ख. श्री कृष्णहरि बास्कोटा | - सदस्य (पदेन), नेपाल जन-प्रशासन संघका अध्यक्ष |
| ग. श्री प्रदीप लाल श्रेष्ठ | - सदस्य (पदेन), साल्टट्रेडिङ्ग कर्पोरेशन लिमिटेडका अध्यक्ष |
| घ. श्री विन्दु विष्ट | - सदस्य (विज्ञ) |
| ड श्री शिशिर कुमार ढुंगाना | - सदस्य (विज्ञ) |
| च श्री नेपाल जन प्रशासनसंघका महासचिव | - पदेन सचिव |

## आ.ब. २०७९।८० को बजेटका लागि सुझाव

नेपाल सरकार, अर्थ मन्त्रालयबाट प्रस्तुत हुने आ.ब. २०८०/८१ को बजेट बक्तव्यका लागि सुझाव दिने सम्बन्धमा नेपाल जनप्रशासन संघका आजीवन सदस्यहरु एवं अन्य सरोकार व्यक्ति तथा संस्थाबाट प्राप्त देहायका सुझावहरु अर्थ मन्त्रालयमा पठाइएको थियो :

१. संघीयता कार्यान्वयनका सन्दर्भमा संघीय निजामती सेवा ऐन यथासिघ्र जारी गर्नुपर्छ । यो ऐन जारी गर्दा कर्मचारीतन्त्रको माध्यमद्वारा राष्ट्रिय एकतामा टेवा पुग्ने हुनुपर्छ ।

२. सुशासनका लागि सरकारले सुधारको एउटा प्याकेज नै घोषणा गर्नुपर्छ ।

३. भ्रष्टाचार नियन्त्रणमा सरकार कठोर हुनुपर्छ ।

४. आम नागरिकलाई सेवा प्रदान गर्ने क्रममा उनीको सन्तुष्टिलाई उच्च महत्व दिनुपर्छ ।

५. राईट म्यान ईन राईट प्लेसका लागि सिघ्र नेतृत्व पहिचान केन्द्र स्थापना गर्नुपर्छ ।

६. अर्थतन्त्रको तीनखम्बे नीति अनुरुप सरकारी क्षेत्र, निजी क्षेत्र र सहकारी क्षेत्र वीच उचित तालमेलको वातावरण निर्माण गर्नुपर्छ ।

७. सेवा प्रवाहमा अधिकतम्रुपमा ईगभरनेन्स प्रणाली लागू गर्दै बिद्युतीय सरकार संचालनको गुरुयोजना तर्जुमा गरी लागू गर्नुपर्छ ।

८. कार्यसम्पादन करार पद्धतिको प्रभावकारी व्यबस्थापन गर्नुपर्छ ।

९. कृषितर्फ उच्च प्राथमिकता दिई कम्तिमा खाद्यान्न, हरियो तरकारी, फलफूल, माछामासु र दुग्धजन्य पदार्थमा आत्मनिर्भर हुनुपर्छ ।

१०. आम युवाहरु रोजगारीका लागि विदेशिन वाध्य हुनु परिरहेको अबस्थामा आन्तरिक रोजगारीका अबसरहरु वृद्धि गर्नुपर्छ ।

११. बुढी गण्डकी जल विद्युत जस्ता केहि मेघा प्रोजेक्टहरु आन्तरिक लगानीबाटै आरम्भ गर्नुपर्छ ।

१२. वन, खानी र जडिबुटीको विकासतर्फ जोड दिनुपर्छ ।

१३. सुशासन अभिबृद्धि र भ्रष्टाचार नियन्त्रणतर्फ सरकारको प्राथमिकता केन्द्रित हुनुपर्छ ।

१४. पूजिगत बजेटको खर्च बढाउने विधिहरुलाई स्पष्ट रुपमा सार्बजनिक गर्नुपर्छ ।

१५. शहरी विकासतर्फ विशेष जोड दिनुपर्छ ।

१६. राजश्व चुहावटमा निग्रानी बढाउनु पर्छ ।

१७. शिक्षा र स्वास्थ्यतर्फ सम्बैधानिक भावना बमोजिम बिनियोजन बढाउनु पर्छ ।

१८. वित्तिय जोखिम न्यूनीकरणतर्फ विशेष रणनीति तय गर्नुपर्छ ।

१९. निकासी वृद्धिमा थप प्रयास गर्नुपर्छ ।

२०. ईण्डकशन चूल्हो, विद्युतीय सवारी साधन, चार्जिंग सेण्टर लगायतका क्षेत्रलाई विशेष प्राथमिक्ता दिनुपर्छ ।

२१. डाँडा काँडामा रहेका बस्तीलाई एकिकृत वस्ती विकास गर्ने कार्यक्रम संचालन गर्नुपर्छ ।

२२ समग्र जनतामा आशा र सकारात्मक सोचको विकास गर्ने कार्यक्रमलाई प्राथमिकता दिनुपर्छ ।

२३ कर्मचारीतन्त्रमा दण्ड र पुरस्कारको नीति लिनुपर्छ ।

२४ कार्यान्वयन गर्न सकिने, उच्च प्रतिफल दिने, धेरै जनतालाई लाभ पुग्ने कार्यक्रमहरुमा बजेट विनियोजन गर्ने, लोकप्रियताबाट प्रभावित हुने प्रवृतिको अन्त्य गर्नुपर्छ ।

२५ एउटै आयोजनामा संघ, प्रदेश र स्थानिय तहबाट बजेट जाने व्यवस्था बन्द गर्नुपर्छ ।

२६ सरकारी कार्यालय र नेपाल सरकारको स्वामित्व रहेका संस्थामा उच्च अनुशासन कायम गराउनु पर्छ ।

२७ सेवा प्रवाह बढी हुने कार्यालयलाई केन्द्रित गरी पूर्ण अनलाइन सेवा प्रवाहको व्यवस्था मिलाउनु पर्छ ।

२८. विलविजक प्रणालीलाई कडाईका साथ कार्यान्वयन गर्नुपर्छ ।

२९. सामाजिक सुरक्षा भत्तालाई व्यबस्थित गर्नुपर्छ ।

३० कर्मचारी संचय कोष ऐन र निवृत्तिभरण कोष ऐन एकिकृत गरी राष्ट्रिय पेन्सन एड प्रोभिडेण्ट फण्ड ऐन निर्माण गर्ने र सम्पूर्ण सरकारी (तीन वटै तहका सरकार) तथा सरकारी स्वामित्व भएका संस्थामा कार्यरत कर्मचारीहरुको सम्पूर्ण सामाजिक सुरक्षा कार्यक्रमको प्रत्याभूति गर्ने संस्थाको निर्माण गर्ने कार्यक्रम संचालन गर्नुपर्छ ।

३१ आयकर ऐन, २०५८ अनुसार अवकास कोषको रुपमा कर्मचारी सञ्चय कोष, ना. ल. कोष लगायत आ.रा. विभागमा स्विकृती लिएर बिभिन्न बैकहरुमा समेत सञ्चय कोष र उपदान राख्ने गरिएको छ । यस व्यवस्थामा कर्मचारी सञ्चय कोष, ना.ल. कोष र सामाजिक सुरक्षा कोषलाई मात्रै अवकाश कोष कायम हुने व्यवस्था मिलाउनु पर्छ ।

३२ कर छुटको सीमा कम्तीमा ५ लाख हुनु पर्ने र सोही बराबरको रकम अवकाश कोषमा जम्मा गर्न पाउने व्यबस्था गर्नुपर्छ ।

३३ सरकारी सेवा सुविधा पाउने जुनसुकै व्यक्तिका छोरा छोरीको शिक्षा अनिवार्य रुपमा सरकारी विद्यालयमा गर्नु पर्ने कार्यक्रम लागू गर्ने ।

३४ अवकाश प्राप्त कर्मचारीहरुलाई विभिन्न काममा लागाउने योजना तर्जुमा गरी लागू गर्ने ।

३५ शिक्षकहरुको योगदानमा आधारित निवृत्तभरण कार्यक्रम शुरु गर्नुपर्छ ।

३६ जुनसुकै समय र उमेरमा अवकाश भएता पनि निजको उमेर ६० बर्ष पुगे पश्चात मात्रै निवृत्तभरण पाउने व्यवस्था गर्नु पर्छ ।

३७ सबै सरकारी भुक्तानीमा बैंकिङ्ग प्रणालीलाई अनिवार्य गर्नुपर्छ ।

३८ नगरबसहरुमा प्रीपेड कार्ड मार्फत भुक्तानी हुने प्रणाली र संरचनागत व्यवस्था गरिनु पर्छ ।

३९ बैदेशिक रोजगारी, श्रम, मालपोत, यातायात, नापी जस्ता कार्यालयहरुमा विचौलियालाई बन्देज गरी हेल्प डेस्कको स्थापना गरी सेवा प्रवाह सहज सरल र प्रभावकारी वनाउनु पर्छ ।

४० सरकारी कर्मचारी, सैनिक, प्रहरी तथा कलेज, विद्यालयको पोशाक नेपाली उत्पादन प्रयोगमा अनिबार्य गर्नुपर्छ ।

४१ संघ, स्थानिय तथा प्रदेश सरकारको खर्चको बेरुजु कडाईका साथ असुल उपर गर्नुपर्छ ।

४२ वर्षाको पानी र खेर गैरहेको पानी संकलन हुने किसिमले विभिन्न स्थानमा साना साना पोखरी बनाई काठमाडौं उपत्यकामा देखिएको पानीको सङ्कटलाई सहजीकरण गर्नुपर्छ ।

४३ वर्षाकोपानी जम्मागर्न प्रत्येक वडामा कम्तीमा एउटा पोखरी बनाउने

४४ प्रत्येक स्थानीय तहमा उच्च गुणस्तरीय फलफूल तथा टिम्बरको लागि उपयोगी हुने वृक्षहरूको नर्सरी निर्माण गर्ने।

४५ बजेटको उपयुक्त आकार, महंगी नियन्त्रण लगायतका विषयमा बजेटमा निश्चित कार्ययोजना सहित आम जनतालाई आश्वस्त तुल्याउने गरी नीति र कार्यक्रमहरु जारी हुनुपर्छ ।

## अन्य गतिविधि

आ.ब. २०७९/८० मा संघल विभिन्न कार्यालयमा तालिम तथा कन्सलटेन्सी सेवा प्रदान गरेको । जुन निम्नानुसार छन् :

- कर्मचारी सञ्चयकोषका कर्मचारीहरुलाई एक दिने Customer Service Excellence सम्बन्धी तालिम प्रदान गरेको ।
- व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको ओ एण्ड एम् अध्ययन गरी प्रतिवेदन गरेको ।
- वाग्मती प्रदेश सुशासन केन्द्रको रणनीतिक योजना तर्जुमा गरि प्रतिवेदन गरेको ।

### सदस्यता अद्यावधिक सम्बन्धी जरुरी सूचना

यस संस्थाको हाल कायम सदस्यहरुमध्ये केही विदेशमा स्थायी बसोबास गरी बसेको, केहीको मृत्यु भएको, केही नेपालमै भएता पनि सम्पर्कमा नरहेको तथा ठेगाना र सम्पर्क नम्बर परिवर्तन भई पत्राचार गर्न कठिन भएको कारणले सबै सदस्यहरुले www.paan.org.np मार्फत वा इमेल ठेगाना paan.kathmandu@gmail.com मार्फत आफ्नो विवरण अद्यावधिक गर्नु हुन अनुरोध छ ।

नेपाल जन-प्रशासन संघ (PAAN)
पुल्चोक, ललितपुर । ०१-५४२४४७०




